# भद्रपुर नगरपालिका

भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल

**नदीजन्य पदार्थको बिक्रीको लागि डाँक बढाबढ आव्हान सम्बन्धी सूचना**

**पाचौं पटक प्रकाशित मितिः-२०८०।०९।२३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४(च) र यस भद्रपुर नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०८०, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा भद्रपुर नगर कार्यपालिकाको मिति २०८०/०९/२२ को निर्णय अनुसार यस नगरपालिकाको अध्यावधिक आइइ प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी भद्रपुर नगरिपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व.०७९/०८० को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुका अधिनमा रहि ७ सात दिने डाक बढाबड प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि.नं | सूचना नं./बोलपत्र नं. | बिवरण | उत्खनन् परिणाम (घन मि.) | न्यूनतम डाक रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | BDP/GOODS/RIVER/NCB-01(1)-080-81 | मेचि नदीको देवि बस्ती र देवि बस्ती उत्तर पुर्व नाका प्याकेज न.१ को नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | २३८५० घ.मि. | ४८,००,८९७।६७ (अठचालिस लाख आठ सय सन्तानब्बे रुपैया सठ्सठि पैसा मात्र ।) | कबोल अंकको ५(पाँच) प्रतिशत | |

**शर्तहरुः-**

१. उल्लेखित ठेक्काहरु लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले यस कार्यालयवाट पुर्व प्रकाशित सूचनाहरुको शर्तहरुको अधिनमा रहि अक्षरस पालना गर्ने गरि मिति २०८०।०९।२३ गतेका दिन ( उक्त दिन विदा पर्न गएमा सो को भोलि पल्ट) दिनको २.०० देखि कार्यालय समय भित्र यस न.पा.का.मा उपस्थित भई कायम न्युनतम ठेक्का अंक मा नघटाई सो भन्दा माथि कवोल गर्ने गरि सोही दिन मिति २०८०।०९।२३ गते दिनको १.०० बजे भित्र अनिवार्य रुपले आफूले कबोल गर्न चाहेको कुल ठेक्का अंक रकम को ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा.वा. वैक, भद्रपुरमा खुलेको च.हि.न च.हि.नं.२२१०१००३०३००००३ (कार्यालय कोड नं. ८०१०१११२) धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नगद र आन्तरिक राजश्व कार्यालयमा मुल्य अभिबृद्धि करमा दर्ता गराएको प्रमाण पत्रको नक्कल प्रतिलिपी समेत कार्यालयमा दाखिला गरी धरौटी जम्मा गरेको व्यक्ति, फर्म वा संस्थाहरु विच नियमानुसार डाक बढाबढ हुनेछ ।

२. तोकिएको म्याद नाघी, रित नपुगी वा हुलाक, टेलिफोन, इन्टरनेट, फ्याक्स, मोबाईलबाट बोली पठाएको डाकलाई मान्यता दिइने छैन डाक स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

३. डाक स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्तावापत २५ प्रतिशत र तेस्रो किस्ता वापत २५ प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नामबाट २०८१ आषाढ मसान्तसम्म म्याद रहि जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट

(13)

प्रशासकीय अधिकृत

रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।

४. कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ।

५. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ ,भद्रपुर नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

(नोटः विस्तृत जानकारीका लागि यस कार्यालको website: www.bhadrapurmun.gov.np मा समेत हेर्न सकिनेछ। )

प्रमुख प्रशासकीय अधिकृत